आज मिति २०७९ साल जेठ २५ गते बुधवारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |

**प्रस्तावहरुः**

प्रस्ताव नं १ : २०७९ जेठ ११ को बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं २ : व्यास नगर कार्यपालिका अन्तरगत विभिन्न समितिहरु गठन सम्बन्धमा ।
प्रस्ताव नं ३ : व्यास नगरपालिका स्तरीय नगर विकास समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं ४ : योजना अनुगमन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं ५ : गाँउ नगर साझेदारी कोष सञ्चालन समिति सदस्य मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं ६ : नगर शिक्षा समितिमा सदस्य मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं ७ : विभिन्न कार्यविधि पारित एवं संशोधन सम्बन्धमा ।
प्रस्ताव नं ८ : जग्गा विकास आयोजनाका लागि नगर विकास कोषसँग ऋण सहयोग माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं ९ : नापी कार्यालय तनहुँबाट काजमा जनशक्ति माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं १० : वडगत वजेट सिमा निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं ११ : विद्यालयहरुको वर्षे विदा सम्बन्धमा ।
प्रस्ताव नं १२ : नगरस्तरीय नीति तथा वजेट कार्यक्रममा सुझाब संकलन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं १३ : जलस्रोत समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं १४ : विपद्जन्य कार्यमा तत्काल पुनर्स्थापना गर्ने सम्बन्धमा ।
प्रस्ताव नं १५ : वैदेशिक भ्रमण स्वीकृती सम्बन्धमा ।
प्रस्ताव नं १६ : प्र.अ सिफारिस अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं १७ : शिक्षक दरबन्दी सरुवा काज फिर्ता सम्बन्धमा ।
प्रस्ताव नं १८ : पेश्की तथा बेरुजु फछ्र्यौट समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं १९ : राशन भत्ता सम्बन्धमा ।
प्रस्ताव नं २० : नगरसभाको मिति तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं २१ : पदपुर्ति समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं २२ : विद्यालय भवन निर्माण सम्बन्धमा ।
प्रस्ताव नं २३ : श्याम्घा प्रा.वि, व्यास ६ मर्ज गर्ने बारे ।
प्रस्ताव नं २४ : भु-उपयोग कार्यान्वयन समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं २५ : पदपुर्ती सम्बन्धमा ।
प्रस्ताव नं. २६ : भैपरी आउने रकम अन्तरगतका विनियोजित योजनाको शिर्षक परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं २७ : योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं २८ : अत्यावश्यक शिर्षकमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२९ : भागीरथी लोहनीलाई आर्थिक सहयोग उपलब्ध गराउने बारे ।

**निर्णयहरुः**

**निर्णय नं.१ः** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुदाँ २०७९ जेठ ११ को बैठकका निर्णयहरुको समिक्षा गरियो र उक्त निर्णयहरुको कार्यान्वयन गर्ने तर्फ सम्बन्धित समिति, कार्यालय, शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२ः** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुदाँ व्यास नगर कार्यपालिका अन्तर्गत गठन गरिने निम्न लिखित समितिहरुमा निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

**क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ अनुसार श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति :**

१) संयोजक श्री वैकुण्ठ न्यौपाने, नगर प्रमुख
२) सदस्यश्री इन्दिरा दरै, उपप्रमुख
३) सदस्य श्री रमेशचन्द्र हडखले, वडाध्यक्ष - ०१
४) सदस्य श्री जीवन गुरुङ, वडाध्यक्ष - ०६
५) सदस्य श्री कृष्ण प्रसाद न्यौपाने, वडाध्यक्ष - ०७
६) सदस्य श्री चन्द्रमाया परियार, कार्यपालिका सदस्य
७) सदस्य सचिव श्री डिल्लीराम सिग्देल, प्रमुख प्रशासकीय अधिकृत

**ख) स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार व्यास नगरपालिका राजश्व परामर्श समितिः**

१) संयोजक श्री इन्दिरा दरै, उपप्रमुख
२) सदस्य श्री डिल्लीराम सिग्देल, प्रमुख प्रशासकीय अधिकृत
३) सदस्य श्री काशिराम श्रेष्ठ, वडाध्यक्ष - ०२
४) सदस्य श्री नीला घिमिरे, कार्यपालिका सदस्य
५) सदस्य श्री उद्योग वाणिज्य संघ, दमौली बजार इकाई प्रतिनिधि
६) सदस्य श्री घरेलु तथा साना उद्योग प्रतिनिधि
७) सदस्य-सचिव श्री बिमल गिरी, राजश्व उपशाखा प्रमुख

**ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समितिः**

१) संयोजक श्री इन्दिरा दरै, उपप्रमुख
२) सदस्य श्री काजिमान श्रेष्ठ (संयोजक, सामाजिक विकास समिति)
३) सदस्य श्री सुरेश थापा (संयोजक, सार्वजनिक सेवा सुशासन समिति)
४) सदस्य श्री रमेश हडखले (संयोजक, आर्थिक विकास समिति)
५) सदस्य श्री मन बहादुर गुरुङ (संयोजक, पुर्वाधार विकास समिति)
६) सदस्य श्री रनसिंह नेपाली (संयोजक, वन वातावरण विकास समिति)
७) सदस्य श्री डिल्लीराम सिग्देल (प्रमुख प्रशासकीय अधिकृत)
८) सदस्य सचिव श्री डा. राजु पौडेल (प्रमुख, पुर्वाधार तथा योजना शाखा)

**घ) सामाजिक विकास समितिः**

१) संयोजक श्री काजिमान श्रेष्ठ, वडाध्यक्ष - १४
२) सदस्य श्री कमला घर्ती, कार्यपालिका सदस्य-१३
३) सदस्य श्री सुशिला दुरा, कार्यपालिका सदस्य-१
४) सदस्य श्री चेत बहादुर दरै, कार्यपालिका सदस्य-१०
५) सदस्य सचिव - शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख

**ङ) सार्वजनिक सेवा तथा सुशासन समितिः**

१) संयोजक श्री सुरेश थापा, वडाध्यक्ष - ९
२) सदस्य श्री कृष्ण प्रसाद न्यौपाने, वडाध्यक्ष-७
३) सदस्य श्री इश्वर पौडेल, वडा सदस्य-१०
४) सदस्य श्री विनु श्रेष्ठ, वडा सदस्य-३
५) सदस्य सचिव - प्रशासन शाखा प्रमुख

**च) आर्थिक विकास समितिः**

१) संयोजक श्री रमेशचन्द्र हड्खले , वडाध्यक्ष - १
२) सदस्य श्री जीवन गुरुंङ, वडाध्यक्ष - ६
३) सदस्य श्री विष्णु कुमार श्रेष्ठ , वडाध्यक्ष - ५
४) सदस्य श्री ज्ञानु सुनार, कार्यपालिका सदस्य-९
५) सदस्य सचिव - डा. मनोज विश्वकर्मा

**छ) पुर्वाधार विकास समितिः**

१) संयोजक श्री मन बहादुर गुरुङ , वडाध्यक्ष - ४
२) सदस्य श्री दल बहादुर दुरा, वडाध्यक्ष - ११
३) सदस्य श्री नरिमाया राना , कार्यपालिका सदस्य-१४
४) सदस्य श्री यज्ञ शर्मा, कार्यपालिका सदस्य-१०
५) सदस्य सचिव श्री डा. राजु पौडेल

**ज) वन वातावरण विकास समितिः**

१) संयोजक श्री रनसिंह नेपाली , कार्यपालिका सदस्य - ११
२) सदस्य श्री दधिराज घिमिरे, वडा सदस्य - ३
३) सदस्य श्री सरोज भण्डारी, वडा सदस्य - ४
४)सदस्य श्री राजकुमारी सेढाँई, वडा सदस्य - १२
५) सदस्य सचिव श्री कृष्णराज घिमिरे

**झ) विधायन समितिः**

१) संयोजक श्री खेमराज पोखेल , वडाध्यक्ष - १०
२) सदस्य श्री दुर्गा आले, वडा सदस्य - १४
३) सदस्य सचिव श्री गोकर्णराज वाग्ले

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुदाँ नगर विकास ऐन, २०४५ (संशोधन २०७५) को दफा ४ बमोजिम नेपाल सरकारको स्वीकृति समेतको आधारमा निम्नानुसार नगर विकास समिति गठन गर्ने निर्णय गरियो ।

१) अध्यक्ष श्री वैकुण्ठ न्यौपाने, प्रमुख
२) सदस्य - जि.स.स. को सदस्य प्रतिनिधि
३) सदस्य - प्रमुख जिल्ला अधिकारीले तोकेको प्रतिनिधि (अधिकृतस्तर कर्मचारी, जिल्ला प्रशासन कार्यालय)
४) सदस्य - जिल्ला वन कार्यालय प्रतिनिधि
५) सदस्य - मालपोत कार्यालय तनहुँ प्रतिनिधि
६) सदस्य - नापी कार्यालय तनहुँ प्रतिनिधि
७) सदस्य - श्री खेमराज पोखेल, वडाध्यक्ष - १०
८) सदस्य - श्री जीवन गुरुङ, वडाध्यक्ष - ६
९) सदस्य - श्री विष्णुकुमार श्रेष्ठ, वडाध्यक्ष - ५
१०) सदस्य - श्री तुलसीराम सापकोटा, समाजसेवी
११) सदस्य - श्री लक्ष्मी परियार, समाजसेवी
१२) सदस्य सचिव - श्री डिल्लीराम सिग्देल, प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुदाँ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (४) (१) (ख) (५) समेतको आधारमा निम्नानुसार नगरस्तरीय योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्न निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

१) संयोजक- श्री इन्दिरा दरै, उप-प्रमुख
२) सदस्य - श्री प्रमुख प्रशासकीय अधिकृत
३) सदस्य - श्री मानबहादुर गुरुङ, वडाध्यक्ष-०४
४) सदस्य - श्री चन्द्रमाया परियार, कार्यपालिका सदस्य-८
५) सदस्य सचिव - श्री डा. राजु पौडेल

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुदाँ व्यास नगर गाँउ नगर साझेदारी कोष सञ्चालन समितिमा कार्यपालिकाका तर्फबाट निम्नानुसार सदस्य मनोनयन गर्ने निर्णय गरियो ।

१) श्री काशिराम श्रेष्ठ, वडाध्यक्ष -०२
२) श्री नरिमाया राना, कार्यपालिका सदस्य -१४

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुदाँ व्यास नगर शिक्षा ऐन, २०७५ को दफा १० (१) अनुसार निम्न पदाधिकारी सदस्य रहने गरी नगर शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

१) अध्यक्ष - श्री वैकुण्ठ न्यौपाने, प्रमुख

२) सदस्य - श्री इन्दिरा दरै, उप-प्रमुख
३) सदस्य - श्री डिल्लीराम सिग्देल, प्रमुख प्रशासकीय अधिकृत
४) सदस्य - श्री काजिमान श्रेष्ठ, संयोजक, सामाजिक विकास समिति
५) सदस्य - श्री सुशिला दुरा, कार्यपालिका सदस्य-१
६) सदस्य - श्री नारायणदत्त पौडेल, अध्यक्ष माहेन्द्र मा.वि, व्यास ९
७) सदस्य - श्री गणेशचन्द्र बस्नेत, प्र.अ, निर्मल मा.वि
८) सदस्य - श्री सन्त तामाङ, संस्थागत विद्यालय प्रतिनिधि
९) सदस्य - श्री विणा कैनी, शिक्षाविद् महिला
१०) सदस्य - श्री प्रमुख/अध्यक्ष, शिक्षक महासंघ, तनहुँ
११) सदस्य सचिव - श्री शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुदाँ निम्नलिखित कार्यविधिहरु पारित एवं संशोधन गर्ने निर्णय गरियो ।

क) वैरेनी जग्गा विकास एकीकरण आयोजना सम्बन्धी कार्यविधि, २०७९
ख) व्यास नगर समता विद्यालय सञ्चालन कार्यविधि, २०७८ (संशोधन)
ग) व्यास नगर कोभिड व्यवस्थापन अस्पताल सञ्चालन कार्यविधि, २०७८ (संशोधन)

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुदाँ व्यास नगरपालिका अन्तरगत सञ्चालन हुन गइरहेको जग्गा विकास एकीकरण आयोजना एवं पर्यटन प्रबर्धनका लागि वैरेनी, रानीगाँउ, सिसाघाट, मानुङ, तनहुँसुर लगायतका लागि नगर विकास कोषसँग ऋण माग गर्ने प्रस्ताव अघि बढाउन सम्बन्धित शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुदाँ वैरेनी जग्गा विकास आयोजनाका लागि जग्गा नापजाँच लगायतका प्राविधिक सहयोगका लागि जिल्ला नापी कार्यालय तनहुँसँग जनशक्ति माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुदाँ व्यास नगर कार्यपालिकाको पुर्णता आजै मात्र प्राप्त भई विभिन्न समितिहरु गठन समेत आजै गरिएका २०७९ असार १० गते वजेट नीति तथा कार्यक्रम ल्याउनै पर्ने कानूनी एवं परम्परागत आधार रहेकाले प्रत्येक वडालाई आजैको बैठकबाट सामान्यता निम्न शिर्षकहरुमा कार्यक्रम प्रस्ताव गर्ने गरी प्रति वडा १ करोड २५ लाखको दरले जम्मा ७ करोड पचास लाख वडागत सिमा निर्धारण गर्ने निर्णय गरियो ।

**क) चालु तर्फ:**

| | |
|---|---|
| १. महिला, युवा सिप एवं नेतृत्व विकास | रु.५ लाख, |
| २. वडामा भएका बाटो र नाला सफाई | रु.४ लाख |
| ३. शिक्षा/स्वास्थ्य/कृषि/टोल संस्था समन्वय बैठक | रु.३ लाख, |
| ४. वडागत धार्मिक/साँस्कृतिक/खेलकुद क्षेत्रमा सहयोग | रु.३ लाख |
| ५. विपद व्यवस्थापन समेत | रु.७ लाख |
| | **जम्मा रु.२२ लाख** |

**ख) पूँजीगत तर्फ:**

| | |
|---|---|
| १. कृषि तथा व्यवसाय प्रवर्द्धन | रु.१० लाख |
| २. विद्यालय पुर्वाधार विकास सहयोग | रु.१० लाख |
| ३. वडागत खानेपानी /सडक बत्ती | रु.१५ लाख |
| ४. सडक नाला स्तरीकरण | रु.४० लाख |
| ५. सामुदायिक भवन | रु.१५ लाख |
| ६. विविध पूँजीगत योजना | रु.१३ लाख |

**जम्मा रु.१ करोडं ३ लाख**

नोटः सामान्यता न्यूनतम १,००,०००।- एक लाखको विनियोजन अधिकतम ४० योजनाहरुमा वजेट बाँडफाँड गर्न सकिने छ ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुदाँ  व्यास नगरपालिका भित्रका सबै विद्यालयहरुमा २०७९ असार १९ गतेदेखी २०७९ श्रावण २० गतेसम्म ३४ दिन वर्षे विदा दिनेगरी एकरुपता कायम गराउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै यस वर्ष ४५ दिन वर्षे, हिँउदे र स्थानीय विदा स्वीकृत गर्ने र स्थानीय बिदा ५ दिन र जाडो बिदा ६ दिन गर्न निर्देशन दिने समेत निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुदाँ २०७९ असार ३० गते नगरपालिकाले प्रस्तुत गर्ने नीति तथा वजेट कार्यक्रममा विभिन्न क्षेत्रका विज्ञहरु समेत, राजनैतिक दल, उद्योग वाणिज्य क्षेत्रका प्रतिनिधि, पुर्व तथा निवर्तमान, वर्तमान जनप्रतिनिधि समेतबाट सुझाब संकलनका लागि २०७९ असार ५ गते आइतबार ११ वजे व्यास नगर सभा कक्षमा बृहत बैठक गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै २०७९ असार ४ गते शनिबार कृषि सम्बन्धी सरोकारवालाहरुको छलफल कार्यक्रम राख्न कृषि, पशु तथा सहकारी शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुदाँ  व्यास नगरपालिका जलस्रोत कार्यविधि, २०७८ को दफा ८ (१) अनुसार निम्नानुसार जलस्रोत समिति गठन गर्ने निर्णय गरियो ।

क) अध्यक्ष श्री वैकुण्ठ न्यौपाने,  प्रमुख
ख) सदस्य श्री सुरेश थापा, वडाध्यक्ष-०९
ग) सदस्य श्री खेमराज पोखेल, वडाध्यक्ष-१०
घ) सदस्य श्री बम बहादुर आले, वडाध्यक्ष-१२
ङ) सदस्य श्री बसन्त बहादुर आले, वडाध्यक्ष-१३
च) सदस्य श्री चन्द्रमाया परियार, कार्यपालिका सदस्य-०८
छ) सदस्य श्री नरिमाया राना, कार्यपालिका सदस्य-१४
ज) सदस्य श्री निला घिमिरे, कार्यपालिका सदस्य-७
झ) सदस्य सचिव श्री डिल्लीराम सिग्देल, प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुदाँ व्यास नगरपालिका भित्र हाल आएका बाढी पहिरो र विगत वर्षहरुमा घरमा बस्न नहुने गरी आएको समस्यालाई तत्काल संम्बोधन गर्न विपद् कोषमा वजेट शिर्षक नं ७८२ बाट रु. १५,००,०००।- र शिर्षक नं ७८३ बाट रु. ५०,००,०००।- गरी जम्मा रु. ६५,००,०००।- रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५**: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल  Global Parliaments of Mayors  संस्थाको वार्षिक समिक्षा कार्यक्रम यहि मिति 24–25 June, 2022 (असार १० र ११, २०७९) मा Poland को Katowice शहरमा आयोजना गरिएको र कार्यक्रममा व्यास नगरपालिकाको तर्फबाट प्रतिनिधित्व गरी कार्यक्रममा सहभागिताको लागि नगरपालिकाको आर्थिक भार नपर्ने गरी सूचना प्रविधि अधिकृत श्री विशाल पण्डितलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुदाँ निम्नलिखित विद्यालयहरुको प्रधानाध्यापक नियुक्ति प्रकृयालाई अनुमोदन गर्ने निर्णय गरियो ।

क) शिव मा.वि, व्यास १०, दुम्सीबजारको प्रधानाध्यापक पदमा श्री तीर्थराज बर्देवा
ख) शिव पञ्चायन मा.वि, व्यास ३ को प्रधानाध्यापक पदमा श्री बलराम वाग्ले

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुदाँ हाल काज सरुवा गरिएका शिक्षकहरुको काज सरुवा बदर गरी, दरबन्दी मिलान, नीति तथा बजेट कार्यक्रमको सुझाबका लागि नगर शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुदाँ व्यास नगरपालिकाको पेश्की तथा बेरुजु फछ्र्यौटमा तदारुकता दिन निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

क) संयोजक श्री कुमार कञ्चन जि.सी, आ.ले.प शाखा प्रमुख
ख) सदस्य श्री गोकर्णराज वाग्ले, सूचना प्रविधि शाखा प्रमुख
ग) सदस्य सचिव श्री हेमन्त गुरुङ, आर्थिक प्रशासन शाखा प्रमुख

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुदाँ व्यास नगरपालिकामा कार्यरत नगर प्रहरी जवान श्री प्रविन गुरुङलाई विपद्मा खटिएका नगर प्रहरी जवानहरुले पाए सरहको राशन सुविधा २०७९ जेठ महिना देखी लागु हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुदाँ व्यास नगरपालिकाको ३७ औं नगरसभा २०७९ असार १० गते विहान ठिक ११:३० वजे बस्ने गरी सम्पूर्ण नगर सभा सदस्यहरुलाई सहभागिताका लागि पत्राचार गरी आमन्त्रण गर्ने निर्णय गरियो । साथै उक्त नगरसभामा आ.ब २०७९/०८० का लागि नीति तथा कार्यक्रम, वजेट तथा कार्यक्रम र विभिन्न विधेयकहरु प्रस्ताव गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुदाँ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्राविधिक सहायक नियुक्तिका लागि देहाय बमोजिमको पदपुर्ति समिति गठन गर्ने निर्णय गरियो ।

क) संयोजक श्री डिल्लीराम सिग्देल, प्रमुख प्रशासकीय अधिकृत
ख) सदस्य श्री कुमार कञ्चन जि.सी, आ.ले.प शाखा प्रमुख
ग) सदस्य श्री डा. राजु पौडेल, पुर्वाधार तथा योजना शाखा प्रमुख
घ) सदस्य श्री गोकर्ण राज वाग्ले, सूचना प्रविधि शाखा प्रमुख
ङ) सदस्य सचिव श्री रामचन्द्र हड्खले, प्रशासन शाखा प्रमुख

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुदाँ निम्न लिखित विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भवन निर्माण योजना परेको र विद्यालयको जग्गा कमि समेतका आधारमा प्राविधिक मुल्याङ्कन एवं ल.ई. का आधारमा तला थप योजना स्वीकृत गर्ने निर्णय गरियो ।

क) व्यास-०३ स्थित महर्षि संस्कृत मा.विमा ४ कोठे भवन निर्माण (तला थप) ।
ख) व्यास-११ स्थित बाराही मा.वि मा २ कोठे भवन निर्माण (तला थप) ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुदाँ श्याम्घा प्रा.वि व्यास-०६ मा विद्यार्थी नभएका कारणले उक्त विद्यालय व्यास ६ स्थित माहेन्द्री आधारभुत विद्यालयमा समायोजन गर्ने, विद्यालयको सम्पत्ति, कार्यालय सहयोगी, बाल शिक्षक माहेन्द्री आधारभुत विद्यालयमा रहने र प्रा.वि शिक्षक श्रीराम न्यौपाने शंकर प्रा.वि, व्यास ६ मा स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुदाँ भु-उपयोग ऐन, २०७६ को दफा २० (१) अनुसार भु-उपयोग कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

क) अध्यक्ष श्री वैकुण्ठ न्यौपाने, प्रमुख
ख) सदस्य श्री वडाअध्यक्ष, सम्बन्धित वडा
ग) सदस्य श्री डा. राजु पौडेल, पुर्वाधार तथा योजना शाखा प्रमुख
घ) सदस्य श्री रविन्द्रलाल मुल, प्रमुख जग्गा विकास आयोजना प्रमुख
ङ) सदस्य श्री मनोज वि.क, कृषि, पशु तथा सहकारी शाखा प्रमुख
च) सदस्य श्री अमृत के.सी, घरनक्सा शाखा प्रमुख
छ) सदस्य श्री निरबहादुर खड्का, सरोकार वाला, व्यास ११
ज) सदस्य श्री वैकुण्ठ मिश्र, सरोकार वाला, व्यास २
झ) सदस्य श्री पतिमाया दरै, सरोकारवाला, व्यास १०
ञ) सदस्य श्री कला पुन, सरोकारवाला, व्यास ५
ट) सदस्य-सचिव श्री डिल्लीराम सिग्देल, प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुदाँ कोभिड व्यवस्थापन अस्पतालमा १ जना चिकित्सकको १५ दिने विज्ञापन गर्ने र प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि १ जना सब इञ्जिनियरको माग प्रकृया लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुदाँ यस अघि विभिन्न बैठकबाट भैपरी आउने शिर्षक अन्तरगत वजेट विनियोजन गरिएका योजनाहरुको भुक्तानी दिन भैपरी अन्तर्गत वजेट शिर्षक नभएकाले कन्टेन्जेन्सी रकमबाट कार्यक्रम सञ्चालन र भुक्तानी गर्ने गरी शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुदाँ निम्न लिखित योजनाहरु सम्बन्धित वडाको सिफारिसका आधारमा योजना परिवर्तन गर्ने निर्णय गरियो ।

क) व्यास ६, शिर्षक नं ८० को रु. ३,००,०००।- मध्येबाट शिर्षक परिवर्तन गरी घासको बिउ खरिदमा रु. १,५०,०००।-(एक लाख पचास हजार) ।

ख) व्यास ९, शिर्षक नं ५४४ को रु. १,००,०००।- रकम शिर्षक परिवर्तन गरी डाँडाथोक गल्ली सिडीं निर्माणमा रु. १,००,०००।-(एक लाख) ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुदाँ देहाय बमोजिमका अत्यावश्यक र विपद्जन्य कार्यमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | लिलाराम रोकाय प्राविधिक, उपचार खर्च | | ३०,०००।०० | ३९ |
| २. | आकृति थिङ्ग, घर आगलागी राहत | ५ | २०,०००।०० | विपद |
| ३. | बेनीमित्र प्रा.वि., खानेपानी टङ्की खरिद समेत | ७ | १७,०००।०० | कन्टेन्जेन्सी |
| ४. | आसापानी कृयापुत्री भवन, पाइप खरिद | १३ | १८,९००।०० | कन्टेन्जेन्सी |
| ५. | बेनीकोट रिङ्गरोड सडक पुनस्थापना पहिरो नियन्त्रण | १३ | ४,००,०००।०० | विपद |
| ६. | छाब्दी बसपार्क फुर्लुङ्गे मार्ग, बाढी नियन्त्रण नाला निर्माण समेत | १२ | ७,२५,०००।०० | विपद |
| ७. | जटिल बिरामी (किड्नी, मुटु रोगी, स्पाइनल कर्ड) सुविधा | रकमान्तर | ५,००,०००।०० | १५१ |
| ८. | औषधी खरिद व्यवस्थापन | रकमान्तर | १५,००,०००।०० | १५१ |
| ९. | केशवटार मार्ग, मर्मत | १३ | ३,००,०००।०० | विपद |
| १०. | फोहोर व्यवस्थापन, मर्मत कार्य | १३ | ९९,९२२।०० | विपद |
| ११. | विद्युत पहुँचका लागि कालोतार सोलार | १४ | ८०,२४०।०० | कन्टेन्जेन्सी |
| १२. | तारजाली खरिद, विपद अन्तर्गत | | ५,००,०००।०० | विपद |
| १३. | दुम्सी उपल्लो टोल, खानेपानी पाइप खरिद | | १,२२,०००।०० | कन्टेन्जेन्सी |
| १४. | अमृत कैनी, घर संरक्षण | ११ | ४०,०००।०० | विपद |
| १५. | श्रीप्रसाद तिमिल्सेना, हावाबाट भत्किएको घर पुनर्निर्माण टिन खरिद | ११ | ४०,०००।०० | विपद |
| १६. | कर्णबहादुर थापा, आगलागी राहत | | २५,०००।०० | विपद |
| १७. | रत्नटोल नयाँबस्ती, दुम्सी मोटर मार्ग मर्मत | १० | २६,०००।०० | विपद |
| १८. | हस्तराम परियार, घर पहिरो संरक्षण | ६ | ३५,०००।०० | विपद |
| १९. | प्रधानमन्त्री रोजगारी अन्तर्गत सिंढी बाटो निर्माण | १३ | ५,००,०००।०० | प्रधानमन्त्री रोजगार |
| २०. | तनहुँ उद्योग वाणिज्य संघ, सडक रङ्गरोगन | | २,००,०००।०० | कन्टेन्जेन्सी |
| २१. | सेवर दुग्ध उत्पादक सहकारी संस्था, भवन निर्माण | | ५,००,०००।०० | कन्टेन्जेन्सी |

| | | | | |
|---|---|---|---|---|
| २२. | सिन्धुमोटर मार्गबाटे पिप्ले मार्ग मर्मत | | ५,००,०००।०० | विपद |
| २३. | विष्णुकुमार श्रेष्ठ, घर संरक्षण | ५ | २,००,०००।०० | विपद |
| २४. | सरसफाई अन्तर्गत डष्टविन खरिद अडमपानी टोल | १ | १,००,०००।०० | कन्टेन्जेन्सी |
| २५. | इसानेश्वर मन्दिर पहिरो नियन्त्रण | १० | २,००,०००।०० | विपद |
| २६. | जिल्ला भुमी आयोग व्यवस्थापन सहयोग | ३ | १,००,०००।०० | २०४ |
| २७. | सिता पौडेल, विपद घरको संरक्षण | ६ | ५०,०००।०० | विपद |
| २८. | मुलपानी बेलटारी सडक खण्ड मर्मत ग्राभेल | ११ | १,५०,०००।०० | विपद |
| २९. | नरङ्गा विफ्रे खानेपानी मोटर खरिद | ७ | २,१००००।०० | कन्टेन्जेन्सी |
| ३०. | स्वास्थ्य शिविर रोटरी क्लव दमौली सहयोग | १४ कुलुङ | १,२५,०००।०० | १६८ |

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुदाँ व्यास नगरपालिका वडा नं.११ गैराबारी टोल बस्ने एकल महिला, विपन्न, बिरामी, जेष्ठ नागरिक श्री भागीरथी लोहनीले भोगचलन गर्नु भई जीविकोपार्जन गरिरहनु भएको जग्गामा हाल व्यास नगरपालिकाले प्रदेश सरकारको सहयोगमा शितभण्डार निर्माण गरेको र उक्त जग्गामा शितभण्डार निर्माण प्रकृयामा अघि बढाउँदा स्थानीय टोल संस्था प्रतिनिधी समेतको रोहवरमा श्री भागीरथी लोहनीको जीविकोपर्जन, उपचार सहयोग समेतलाई रू.३,२५,०००।- ( तिन लाख पच्चिस हजार) नगरपालिकाबाट सहयोग उपलब्ध गराउन सहमती भएकाले रू. ३,२५,०००।- ( तिन लाख पच्चिस हजार) बजेट शिर्षक नं. ३९ बाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।